प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड २ संख्या २ प्यूठान नगरपालिकाद्धारा प्रकाशित मिति : २०७६

प्यूठान नगरपालिका

भाग २

**प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# प्यूठान नगरपालिकको अनुगमन सम्बन्धी कार्यविधि, २०७६

## प्रस्तावना

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने व्यवस्था गरेको छ । विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन सम्बन्धी महत्वपूर्ण जिम्मेवारी नगरपालिकालाई प्राप्त भएको छ। नगरपालिकालाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिका भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्वन्धी कार्यकमको विवरण तयार गरी त्यस्ता कार्यकमको प्रभावकारिता एवं व्यवस्थापनका लागि चरणबद्ध अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, नगरपालिका भित्रका विकास निर्माण सम्वन्धी कार्यको अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गर्दैप्यूठान नगर कार्यपालिकाको मिति २०७६।०२।०८ गतेको वैठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क)यो कार्यविधिको नाम "प्यूठान नगरपालिकाको अनुगमन सम्बन्धी कार्यविधि–२०७६" रहको छ ।

(ख)यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२.परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–**

(क) "नगर" भन्नाले प्यूठान नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले प्यूठान नगरपालिकाको अनुगमन सम्बन्धी कार्यविधि,२०७६ लाई सम्झनु पर्दछ ।

(ग) "सभा"भन्नाले प्यूठान नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले प्यूठान नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख"भन्नाले प्यूठान नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले प्युठान नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(छ) "कर्मचारी" भन्नाले प्यूठान नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी लाई सम्झनु पर्दछ ।

**३. कार्यविधि कार्यान्वयनको अधिकार :**

(क) यस कार्यविधिको कार्यान्वयन गर्ने अधिकार अनुगमन समितिमा निहित रहने छ ।

**४. कार्यविधिमा संशोधन :**

यस कार्यविधिमा भएका व्यवस्थाहरु आबश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ । संशोधित व्यवस्था नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

प्यूठान नगरपालिका



## परिच्छेद-२
## समितिको गठन

**५. नगर स्तरीयअनुगमन समितिको गठनः**

क) नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा निम्नानुसारको एक नगर स्तरीय अनुगमन समिति रहनेछ ।

(१) नगर उपप्रमुख- संयोजक

(२)नगर प्रमुखले तोकेका एक जना नगर कार्यपालिकाको सदस्य- सदस्य

(३)योजना संचालन भएको वडाको वडा अध्यक्ष- सदस्य

(४)प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(५)प्राबिधिक शाखा को प्रमुख वा प्रतिनिधि- सदस्य

(६) योजना तथा अनुगमन शाखाको प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य कार्यपालिका सदस्य, विषय विज्ञ, संघ संस्थाका प्रतिनिधि, सरोकारवाला, पत्रकारलाइ अनुगमनमा आमन्त्रित गर्न सक्नेछ ।

**६. समितिको काम, कर्तब्य र अधिकार :**

(१) नगर अनुगमन समितिको काम, कर्तब्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवुश्यक निर्देशन दिने ।

ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने, काम नभएको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरिवेक्षण र मुल्यांकन गर्नुपर्नेमा सो अनुरुप नगरेको पाइएमा अनुगमन गरी आवश्यक निर्देशन दिने ।

घ) निर्धारित गुणस्तर अनुसार काम भए नभएको सम्बन्धमा सुपरिवेक्षण गर्ने ।

ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयन प्रगति भए नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने ।

च) कुनै योजना वा कार्यक्रमको बजेट, नामाकरण, बजेट शिर्षक, बजेट

प्यूठान नगरपालिका

रकमान्तर गरी संशोधन गर्नु पर्ने भएमा अनुगमन गरी बैठकमा सिफारिस गर्ने ।

छ) विषयगत शाखा वा अन्य क्षेत्रबाट संचालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

ज) गैरसरकारी क्षेत्रबाट संचालित कार्यक्रमको समेत प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने ।

झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु समेत नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

ञ) समितिले समय समयमा गरेको अनुगमनको प्रतिवेदन बैठकमा पेश गर्ने । समितिले दिने प्रतिवेदनको ढाँचा अनुसूची १ बमोजिमको हुनेछ ।

**७. वडास्तरीय अनुगमन समिति सम्वन्धी व्यवस्था :**

(क) वडा भित्र संचालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहायबमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ ।

(१) वडा अध्यक्ष - संयोजक

(२) वडा सदस्यहरु - सदस्य

(३) वडा सचिव - सदस्य सचिव

(ख) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी,ना जनप्रतिनिधि वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । समितिले वडा भित्र संचालित ५ (पाँच) लाख भन्दा कम लागतका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिनुपर्नेछ । अनुगमन गर्दा देखिएका विषयमा नगर स्तरीय अनुगमन समितिलाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-३

**८.अनुगमनको समीक्षा,सुझाव,निर्देशन र प्रतिवेदन सम्वन्धि व्यवस्था :**

(क) नगर स्तरीय अनुगमन समितिले आफैले गरेको अनुगमन वा वडा स्तरीय अनुगमन समितिद्वारा पेश भएको अनुगमन प्रतिवेदन उपर मासिक रुपमा छलफल एवं समीक्षा गर्नेछ । साथै विषयको गाम्भीर्यताका आधारमा



सम्वन्धित निकायमा सुधारका लागि सुझाव वा निर्देशन दिन सक्ने छ । तर यस प्रकारको समीक्षा वैठक आवश्यकता अनुसार जति पटक बस्न पनि कार्यविधिले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) नगर स्तरीय अनुगमन समितिलेले आफैले गरेको अनुगमन वा वडा स्तरीय अनुगमन समितिद्वारा पेश भएको अनुगमन प्रतिवेदनको समीक्षा बैठकमा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिले अनुगमन पश्चात दिएको निर्देशनको पालना गर्नु सम्बद्ध पक्ष को कर्तव्य हुने छ ।

(घ) समितिले योजना निरीक्षण पश्चात अनुसूची २ बमोजिमको फारम भर्नुपर्नेछ ।

## परिच्छेद-४

## बैठक भत्ता तथा सुविधा

**१०. अनुगमनमा संलग्न पदाधिकारीहरुको सुविधा सम्वधी व्यवस्था:**

१. अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणको लागि योजनास्थलमा जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्ने छ तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा अवश्यक पर्ने सवारी साधनको व्यवस्था कार्यालयले मिलाउनु पर्ने छ ।

२. अनुगमनमा जाँदा नगर स्तरीय अनुगमन समितिका पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले नियमानुसार अनुगमन भत्ता पाउने छन् । बिहान ८ बजे देखि अनुगमन गर्नु परेमा वा एकै दिनमा दुइ वा दुइ भन्दा बढि अनुगमन गर्नु परेमा खाना र खाजाको व्यवस्था गर्नु पर्नेछ । बिहान १० बजे देखि अनुगमन गर्नु परेमा खाजाको व्यवस्था गर्नु पर्नेछ तर अनुगमन भत्ता भने एक दिनको एक पटकमात्रै पाइने छ ।

## परिच्छेद-५
## विविध

११. **खारेजी र बचाउ :**

(क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचलित कानुन बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुर्याएको मानिने छैन ।

(ख) यो कार्यविधि लागू हुन भन्दा अगाडी भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(ग) यो कार्यविधि प्रचलित संघीय र प्रादेशिक कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अनुसूची-१

## प्यूठान नगर कार्यपालिकाको कार्यालय
## प्यूठान
## आयोजनाहरुको अनुगमन प्रतिवेदन

अनुगमन मिति :-

**१. योजना /आयोजनाको संक्षिप्त विवरण :**

क. योजना /आयोजना सञ्चालन गर्ने निकाय :

क. योजना /आयोजनाको नाम :

ख. संचालित स्थान :निल्ला प्यूठान न.पा प्यूठान वडा नं.........

ग. कूल लागत रु. .................

घ. स्वीकृत श्रोतहरु

१. योजनाको कुल लागत रु

२. उपभोक्ता बाट रु. .................

३. प्यूठान नगर पालिकाबाट रु. ...............

४. अन्य......................बाट रु. ................



ङ. योजना /आयोजना सम्झौता मिति :-

च. योजना /आयोजना सम्पन्न गर्नुपर्ने मिति :-

छ. म्याद थप भएको भए थप म्याद :-

ज. उपभोक्ता समितिको अध्यक्षको नाम,ठेगाना /वा ठेकेदारको नाम,ठेगाना:-

झ. पेश्की/भुक्तानी भएको रकम

१ प्रथम किस्ता रु.

२ दोश्रो किस्ता रु

३ तेश्रो किस्ता रु

जम्मा

**२. संचालित योजना /आयोजनाको अवस्था**

क. प्राविधिक मूल्यांकन भईसकेको भए सोको प्रगति प्रतिशत

ख. उपभोक्ता समितिको सक्रियता भएको /नभएको............

ग. भौतिक रुपमा हेर्दा देखिने अवस्था ...................

घ. कार्यतालिका अनुसार कार्य भए/नभएको................

ङ. निर्माण सामाग्रीहरुको निर्माण स्थलमा देखिएको भए सोको विवरण........

| क्र.सं. | सामाग्रीको नाम | अनुमानित परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |
| ङ | | | |



प्यूठान नगरपालिका

३ योजना/आयोजना कार्यान्वयनमा देखा परेका समस्याहरु :

उपभोक्ता समितिको भनाई

क
ख
ग
घ
ङ

अनुगमनकर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरु :

क
ख
ग
घ

४.उपभोक्ता समितिका अध्यक्ष उपाध्यक्ष/पदाधिकारीहरुको दृष्टिकोण :

क
ख
ग

५.योजना /आयोजन सम्पन्न गराउनका लागि सुझावहरु (अनुगमन कर्ताको दृष्टिकोण)

क
ख
ग

६ अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय व्यक्तिहरु

| क.सं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |



७. अन्य
क) रकम पेश्की लगेर हाल सम्म कार्य प्रारम्भ नै गरेको छैन भने, रकम पेश्की लग्ने ब्यक्ती संग सम्पर्क भयो भएन यदि भएको भए निजको भनाई के छ ?

..................................

ख) निजको काबु बाहिरको परिस्थितिले कार्य प्रारम्भ गर्न नपाएको हो वा लापरवाही गरी रकम फर्स्यौट गर्ने सोचाइ राखेको हो,अनुगमन कर्ताको राय

..................................

ग) निज सम्पर्क नै हुन सकेन भने निज कहा छन् निजको परिवारका नाता पर्ने सदस्यको भनाई

..................................

८. योजना /आयोजनाको गुणस्तर तथा सबल पक्षहरु

..................................
..................................

९. अनुगमनकर्ता द्वारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समितिलाई दिइएको निर्देशन

..................................
..................................
..................................
..................................
..................................

अनुगमन कर्ताको नाम थर: अन्य अनुगमन कर्ताहरु

क पद: १.
ख दस्तखत: २.
ग मिति:



नगरपालिका

अनुसूची-२

## प्यूठान नगरपालिकाको कार्यालय

## प्यूठान

### योजना/आयोजना निरिक्षण पश्चात भर्नुपर्ने फारमको नमूना

आ.व.............

अवधि.............देखि.............सम्म

प्यूठान जिल्ला प्यूठान नगरपालिका वडा नं. .............

| क्र सं. | आयोजनाको नाम | योजनाको ठेगाना गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधिको लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी हुनका कारण | कम प्रगति भएकोमा अर्को अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधानका लागि गरिएका उपायहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्यूठान नगरपालिका

प्रमाणिकरण मिति : २०७६/०३/०८

आज्ञाले

काशीराम गैरे

प्रमुख प्रशासकीय अधिकृत